# औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको बैठक संचालन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०/०८

१. **प्रस्तावनाः**

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २० को उपदफा १० ले दिएको अधिकार प्रयोग गरी औद्योगिक तथा लगानी प्रवर्द्धन वोर्डको बैठकलाई प्रभावकारी र व्यवस्थित बनाउन वैठक सन्चालन सम्वन्धी कार्यविधि, २०८० स्वीकृत गरी जारी गरिएको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भः**

२.१. यस कार्यविधिको नाम औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको बैठक संचालन सम्वन्धी कार्यविधि, २०८० रहेको छ।

२.२ यो कार्यविधि बोर्डले स्वीकृत गरे पश्चात लागू हुनेछ ।

३. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "विभाग" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगतको उद्योग विभाग सम्झनुपर्छ।

ख) "बोर्ड" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २० बमोजिम गठित औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड सम्झनुपर्छ।

ग) "बोर्डको काम,कर्तव्य र अधिकार" भन्नाले औद्योगिक व्यवसाय ऐन,२०७६ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन,२०७५ ले व्यवस्था गरे बमोजिमको काम,कर्तव्य र अधिकार सम्झनुपर्छ।

घ) "मन्त्रालय" भन्नाले उद्योग सम्वन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्छ।

ङ) "सदस्य" भन्नाले औद्योगिक व्यावसाय ऐन,२०७६ को दफा २० बमोजिम गठित औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डमा उल्लेख भए बमोजिमका सदस्य सम्झनुपर्छ।

४. **बैठक बस्ने स्थान र समय** :

४.१ बोर्डको बैठक मन्त्रालयमा बस्नेछ। बैठकको लागि सूचना गर्दा बैठक बस्ने मिति,समय र स्थान खुलाई पठाउनुपर्नेछ।

५. **छलफलको विषयः**

५१. बोर्डको बैठक बोलाउदा सो बैठकमा छलफल गरिने कार्यसूची स्पष्ट रुपले किटान गरी बैठकको सूचनासँगै सदस्य सचिवले सबै सदस्यहरुलाई उपलव्ध गराउनुपर्नेछ ।

५.२ बैठकको सूचना र छलफलका कार्यसूची सूचना प्रविधिको माध्यमबाट व्यक्तिगत इमेलमा समेत पठाउन सकिनेछ ।

५.३ बोर्डको बैठकमा पेश गर्ने कार्यसूची/प्रस्ताव मन्त्रालयको निर्णय पश्चात बोर्डको अध्यक्षले तोकेको मितिमा विभागले कार्यसूचीको रुपमा अनुसूची- १ बमोजिमको ढाँचामा बैठकमा पेश गर्नुपर्नेछ ।

६. **उपस्थिति:**

६.१ बोर्डको बैठकमा कूल सदस्य संख्याको सामान्य बहुमत सदस्यको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

६.२ बोर्डको बैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थित पुस्तिकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नुपर्नेछ ।

७. **निर्णय सम्वन्धी व्यवस्था:**

७.१ प्रस्तावमाथि बोल्ने क्रम समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ ।

७.२ बैठकको निर्णय सामान्यतया सर्वसम्मत्तिको आधारमा हुनेछ । मत विभाजन हुने अवस्थामा अध्यक्षता गर्ने व्यक्ति सहित बहुमत सदस्यको निर्णय बैठकको निर्णय मानिनेछ ।

७.३ बैठकमा भएको कुनै निर्णयमा चित्त नबुझ्ने सदस्यले निर्णय पुस्तिकामा छोटकरीमा आफ्नो फरक मत जनाउन सक्नेछ ।

७.४ सदस्य सचिवले बैठकमा भएको निर्णयलाई उपस्थित सदस्यहरुलाई सही गराई निर्णय पुस्तिकामा अभिलेख गरी राख्नुपर्नेछ ।

८. **प्रशासनिक खर्च सम्वन्धी व्यवस्था:**

८.१ बोर्ड बैठक सञ्चालन सम्वन्धमा मन्त्रालयले विभागलाई आवश्यक वजेटको व्यवस्था गरिदिनुपर्नेछ ।

८.२ बैठक भत्ता तथा अन्य सुविधाहरु नेपाल सरकार, अर्थ मन्त्रालयवाट जारी प्रचलित कार्यसञ्चालन निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

९. **बाधा अडकाउ फुकाउने**

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा बोर्डले निर्णय गरी फुकाउन सक्नेछ ।

## अनुसूची- १

प्रस्तावको ढाँचा

(बुँदा नं. ५ को (५.३) सँग सम्वन्धित)

**औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको बैठक नं............औ बैठकमा पेश गरिएको प्रशतावहरुः**

विषयः..............................................।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृत प्राप्त मिति :

१. प्रस्तावको संक्षिप्त व्यहोरा :

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको राय :

४. निर्णय हुनुपर्ने व्यहोरा :

**क्रसर उद्योगको अनुमति,दर्ता तथा नियमन सम्वन्धी प्रक्रिया तथा मापदण्ड, २०८०**

स्वीकृत मितिः २०८०/०५/०८

**१. क्रसर उद्योगको अनुमतिको लागि निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात**

क) रीतपूर्वकको निवेदन,

ख) परियोजनाको विवरण,

ग) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा विदेशी नागरिक भए राहदानीको प्रतिलिपी,

घ) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ङ) प्रतिनिधि नियुक्त गरेको भए अख्तियारीपत्र र अख्तियारवालाको परिचय खुल्ने कागजात,

च) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदारबीच भएको सम्झौता,

छ) निवेदक कम्पनी भएमाः

i. कम्पनी दर्ता प्रमाणपत्र,

ii. स्वीकृत प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

iii. संचालक समितिको निर्णय,

iv. अद्यावधिक शेयर लगत,

v. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्र,

ज) उद्योग स्थापना गर्ने क्षेत्रको गाउँपालिका वा नगरपालिकाको सिफारिश,

झ) उद्योग रहने स्थानको टोपो सिट तथा कित्ता नापीनक्सामा अक्षांश देशान्तर खुलेको Co-ordinates सहितको कम्पाईल नक्सा,

ञ) दफा ३ मा उल्लेख भएको दुरी प्रमाणित गर्ने निकायबाट उद्योग दर्ता सम्बन्धमा प्रचलित ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्डमा उल्लेख भएको क्रसर उद्योग संचालनका लागि तोकिएको दुरी सम्बन्धी मापदण्ड बमोजिमको दुरी खुल्ने प्रमाणित कागजात,

ट) उद्योग रहने स्थलको जग्गाधनी प्रमाण पुर्जा/ लिज लिएको भए सम्झौताको प्रति,

ठ) प्राविधिक समितिको स्थलगत निरिक्षण प्रतिवेदन ।

**२. क्रसर उद्योगको दर्ताको लागि निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजात**

क) उद्योग दर्ता निवेदन फाराम,

ख) अनुमति पत्र,

ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

घ) हाल अनुमति प्राप्त गरिसकेका उद्योगको हकमा दुरी सम्वन्धी मापदण्डको अनुगमन प्रतिवेदन,

ङ) दफा ४ मा उल्लिखित कागजात,

च) क्रसर उद्योगले उद्योग संचालनमा आएपछि उद्योग विभागमा उद्योग संचालनमा आएको जानकारी गराउनुपर्ने । उद्योग विभागले क्रसर उद्योग संचालनमा आए पछि समय समयमा अनुगमन गरी प्रतिवेदन प्राप्त गर्ने ।

## ३. क्रसर उद्योगको लागि दुरी सम्बन्धी मापदण्डः

नेपाल सरकारद्वारा जारी गरिएको प्रचलित ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्डमा उल्लेख भएको क्रसर उद्योग सञ्चालनका लागि तोकिएको दुरी सम्बन्धी मापदण्ड पालना गर्नु पर्नेछ । उक्त दुरी सम्वन्धी मापदण्ड निम्नानुसारको निकायबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ र सोही प्रमाणित कागजातका आधारमा उद्योग विभागले अन्य प्रक्रिया शुरु गर्नुपर्नेछ ।

| क्र.सं. | विवरण | दुरी प्रमाणित गर्ने निकाय |
|---|---|---|
| १. | राजमार्गको राइट अफ वेबाट | सम्बन्धित प्रदेश सडक डिभिजन कार्यालय |
| २. | खोला वा नदी किनारबाट | सम्बन्धित स्थानीय तह |
| ३. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक महत्त्वका स्थान तथा सुरक्षा निकायबाट | सम्बन्धित स्थानीय तह |
| ४. | पक्की पुलबाट | सम्बन्धित स्थानीय तह |
| ५. | अन्तर्राष्ट्रिय सिमाबाट | सम्बन्धित स्थानीय तह |
| ६. | वन, निकुन्ज तथा आरक्षबाट | सम्बन्धित प्रदेश वन डिभिजन कार्यालय वा राष्ट्रिय निकुन्जको कार्यालय |
| ७. | घनावस्तीबाट | सम्बन्धित स्थानीय तह |
| ८. | हाईटेन्सन लाइनबाट | सम्बन्धित विद्युत प्राधिकरण कार्यालय |
| ९. | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | सम्बन्धित स्थानीय तह |
| १०. | चुरे पहाडको फेदीबाट | सम्बन्धित प्रदेश वन डिभिजन कार्यालय वा राष्ट्रपति चुरे मधेश संरक्षण समिति वा राष्ट्रिय निकुन्जको कार्यालय |

## ४. जग्गा सम्बन्धीः

क) उद्योगको स्वामित्वमा रहेको कम्तीमा ४० रोपनी (२०३५० वर्गमिटर) जग्गा,

ख) उद्योगको आफ्नै स्वामित्वमा जग्गा नभएमा लिजमा लिएको भए कम्तिमा ५(पाँच) वर्षको सम्झौता ।

## ५. उद्योग अनुमति तथा वातावरणीय अध्ययन प्रक्रिया

क) उद्योगको अनुमतिका लागि माथि दफा १ मा उल्लिखित कागजात पेश गर्ने ।

ख) विभागले कागजात रुजु गरी औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड समक्ष प्रस्ताव पेश गर्ने ।

ग) औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट स्वीकृत भए पश्चात् वातावरण संरक्षण ऐन तथा वातावरण संरक्षण नियमावली बमोजिम सम्बन्धित निकायबाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई पेश गर्ने ।

घ) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को हकमा उद्योगको अनुमति प्राप्त भए पश्चात क्रसर उद्योगले ४५ दिन भित्र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) संग सम्बन्धित कार्यसूची (TOR) तयार गरी स्वीकृतिको लागि उद्योग विभाग समक्ष पेश गर्नपर्नेछ। उद्योग विभागले वातावरण संरक्षण नियमावली बमोजिम त्यस्तो कार्यसूची (TOR) पन्ध्र दिन भित्र निर्णय गर्नुपर्नेछ।

ङ) क्रसर उद्योगले कार्यसूची स्वीकृत भएको दश महिना भित्र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन उद्योग विभाग समक्ष पेश गर्नु पर्नेछ। उद्योग विभागले वातावरण संरक्षण नियमावली बमोजिम त्यस्तो प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन सम्बन्धमा पन्ध्र दिन भित्र आवश्यक निर्णय गर्नुपर्नेछ।

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृतको लागि दिन गणना गर्दा कुनै बिषयमा थप स्पष्ट गर्न लेखि पठाएको वा थप कागजात माग गरेकोमा माग बमोजिमको बिषयमा स्पष्ट भई आएको वा थप कागजात प्राप्त भएको मितिबाट गणना गर्नुपर्नेछ । उद्योग विभागले दर्ता अनुमतिको म्यादभित्र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत सम्वन्धी निर्णय गर्नुपर्नेछ।

च) दुरी सम्वन्धमा स्थलगत अनुगमन भएको प्राविधिक समितिको प्रतिवेदन।

छ) क्रसर उद्योगले माथि (घ) र (ङ) मा उल्लिखित समय भित्र कार्यसूची तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन पेश नगरेमा क्रसर उद्योगको अनुमति स्वतः खारेज हुनेछ।

ज) उद्योगले विभाग समक्ष पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अध्ययन गरी सिफारिस गर्न देहाय बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन मुल्यांकन समितिले गर्नुपर्नेछ।

| | |
|---|---|
| निर्देशक (प्रा.), प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग | -संयोजक |
| निर्देशक, अनुमति तथा दर्ता शाखा, उद्योग विभाग | -सदस्य |
| उप-सचिव (कानून), कानून शाखा, उद्योग विभाग | -सदस्य |
| प्रतिनिधि (प्राविधिक), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| प्रतिनिधि (प्राविधिक), वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| प्रतिनिधि (प्राविधिक),खानी तथा भूगर्भ विभाग | -सदस्य |
| प्रतिनिधि, प्रस्तावसँग सम्बन्धित सरोकारवाला निकाय(आवश्यकता अनुसार) | -सदस्य |
| प्राविधिक, विषयगत विज्ञ (आवश्यकता अनुसार) | -सदस्य |
| मेकानिकल इन्जिनियर, प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग | -सदस्य सचिव |

झ) दुरी सम्वन्धी मापदण्ड पुगे नपुगेको सम्वन्धमा (IEE) पुनरावलोकन समितिले निर्णय गरी सम्वन्धित स्थानीय निकायको प्रतिनिधि रहनेगरी समिति वा समितिको सदस्य मध्येबाट स्थलगत अध्ययन गरी प्रतिवेदन प्राप्त गर्ने ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**उद्योग विभाग**

## नेपालमा स्थापना भएका उद्योग/कम्पनीले विदेशमा प्रविधि हस्तान्तरण गरी विदेशी मुद्रा आर्जन गर्ने कार्य, सेवा तथा प्रविधि निर्यात सम्वन्धमा जारी गरिएको शर्त सम्वन्धी सूचना

नेपालमा स्थापना भई संचालनमा रहेका उद्योग वा कम्पनीले विदेशस्थित उद्योग वा कम्पनीलाई प्रविधि हस्तान्तरण गरी सो वापतको शुल्क वा रोयल्टी रकम विदेशी मुद्रा नेपालमा भित्राउने गरी भएको सम्झौता गर्नको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने सम्बन्धमा नेपालमा स्थापना भएका उद्योग/कम्पनीले विदेशमा प्रविधि हस्तान्तरण गरी विदेशी मुद्रा आर्जन गर्ने कार्य, सेवा तथा प्रविधि निर्यात सम्वन्धमा औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको २३९ औं बैठकबाट निर्णय भएअनुसार देहाय बमोजिमको शर्तमा उद्योग विभागले सैद्धान्तिक सहमति प्रदान गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**<u>शर्तहरू</u>**

क) नेपालमा स्थापना भएको उद्योग/कम्पनीले विदेशी मुलुकको उद्योग वा कम्पनीसँग प्रविधि हस्तान्तरण सम्वन्धी सम्झौता गर्न सहमतिका लागि सम्झौतापत्रको प्रतिलिपी सहित उद्योग विभागमा निवेदन दिनुपर्ने,
ख) विगत आ.व.को करचुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने,
ग) सेवा शुल्क वा रोयल्टी रकम नेपाल राष्ट्र वैंकले तोकेको परिर्वत्य विदेशी मुद्रामा प्राप्त हुने गरी सम्झौता गर्नुपर्ने,
घ) सम्झौता बमोजिम प्राप्त हुनुपर्ने रकम प्राप्त भएको विवरण सम्वन्धित वैंकवाट प्रमाणित गरी सो को जानकारी उद्योग विभागमा आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिनभित्र जानकारी गराउनुपर्ने,
ङ) सम्झौतापत्रमा कुनै संशोधन वा परिमार्जन वा नविकरण भएमा सो को जानकारी ३० दिनभित्र विभागमा गराउनुपर्ने,
च) सम्वन्धित देशको सरकारी निकायवाट अनुमति वा सहमति लिनुपर्ने भए सो समेत लिनुपर्ने,
छ) सम्वन्धित मुलुकवाट प्रविधि हस्तान्तरण सम्वन्धी सम्झौता स्वीकृत गर्नुपर्ने भए प्रमाणित प्रतिलीपी उद्योग विभागमा पेश गर्नुपर्ने,
ज) यस कार्यका लागि आवश्यक Promotional Expenses का लागि कम्पनीले उद्योग विभागमा निवेदन दिएमा त्यस्ता खर्चहरुको सटही सुविधाका लागि उद्योग विभागले नेपाल राष्ट्र बैंकमा सिफारिस गर्ने,
झ) विदेशमा लगानी गर्न प्रतिवन्ध लगाउने ऐन,२०२१ को प्रतिकुल हुने गरी कुनै कार्य गर्न पाईने छैन।